जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक ३४८ • २०८३ असोज २० गते मंगलवार • 6 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


# स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुने




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज

सरकारका लागि स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको सरुवा सधैँ झन्झटयुक्त भइरहेका बेला अबदेखि स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुने भएका छन् । सङ्घीयता कार्यान्वयन भएको १० वर्षमा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहमा जान नमान्दा स्थानीय तहको सेवा प्रवाह, विकासनिर्माण र सुशासन कमजोर बन्दै आएको थियो ।

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई सङ्घीय सरकारले खटनपटन गर्दा कतिपय स्थानीय तहका जनप्रतिनिधिले खटाइएका कर्मचारीलाई हाजिर नगराई सङ्घमा फिर्ता पठाउने गरेका थिए । प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुने व्यवस्था गरिएको छ । हाल स्थानीय सरकार सञ्चालन ऐनमा भने स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सङ्घीय सरकारले खटनपटन गर्ने भन्ने व्यवस्था छ । सरकारले स्थानीय सेवाको प्रभावकारिता अभिवद्धि गर्न र सहज रूपमा सेवा प्रवाह गर्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुने गरी विधेयकमा व्यवस्था गरेको छ । भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सेवाकै प्रमुख प्रशासकीय अधिकृत हुँदा स्थानीय सेवाको प्रभावकारिता थप अभिवृद्धि भई तल्लो तहका नागरिकलाई सेवा थप सहज हुने जनाएको छ ।

मन्त्रालयका सहसचिव प्रकाश दाहालले सङ्घीयता कार्यान्वनलाई सहज गर्न र स्थानीय तहका कर्मचारीको मनोबल उच्च पार्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुने गरी विधेयकमा प्रस्ताव गरिएको बताउनुभयो । सरकारले ऐन निर्माण गरेरै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रिक्तता हुन नदिन स्थानीय सेवाकै कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउन सक्ने व्यवस्थाको प्रस्ताव गरेको उहाँले बताउनुभयो । प्रस्तावित विधेयक अनुसार प्रत्येक प्रदेशमा एउटा स्थानीय सेवा रहने र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाकै रहने उल्लेख छ । महानगरपालिका र उपमहानगरपालिकामा अधिकृत ११ औं तह, नगरपालिकामा १० औँ तह र गाउँपालिकामा आठौँ तहका कर्मचारी प्रमुख प्रशासकीय अधिकृत हुने व्यवस्था विधेयकमा गरिएको छ । स्थानीय तहमा उक्त पदका कर्मचारी नभए सो पदभन्दा एक तहमुनिको तहमा कम्तीमा तीन वर्ष सेवा पूरा गरेका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत रहन सक्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै सबै स्थानीय तहमा सो तहका कर्मचारीको पदपूर्ति नभएसम्मका लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा कामकाज गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत खटाउन सक्ने व्यवस्था गरिएको छ । खटाइएका कर्मचारीलाई मुख्यमन्त्री कार्यालयले दरबन्दीबमोजिमको तह मिल्ने गरी स्थानीय तहमा खटाउने छ । प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएका कर्मचारीलाई मुख्यमन्त्री कार्यालयले बढीमा १० दिनभित्रमा प्रमुख प्रशासकीय अधिकृतको पदमा पदस्थापन गर्नुपर्ने छ । खटाइएका प्रमुख प्रशासकीय अधिकृतले आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित स्थानीय तहप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ । स्थानीय सेवा कर्मचारी सञ्जालका संयोजक दीपक गौतमले स्थानीय सेवाकै कर्मचारी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाउँदा कार्यसम्पादनमा गुणात्मक सुधार हुने बताउनुहुन्छ । उहाँका अनुसार स्थानीय सेवाका कर्मचारी स्थानीय सेवाप्रति थप जवाफदेही र उत्तदायी हुन्छन् । यसले स्थानीय तहको विकासनिर्माण र सेवा प्रवाहमा गुणात्मक परिवर्तन पनि आउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।






# अनावश्यक तथा जथाभावी पार्किङ नियन्त्रण अभियान तीव्र

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असोज



दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै धनुषामा सडकलाई व्यवस्थित र सवारी आवागमनलाई सहज बनाउने उद्देश्यले अनावश्यक तथा जथाभावी पार्किङ नियन्त्रण अभियान तीव्र पारिएको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयको निर्देशन तथा समन्वयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जिल्लाका मुख्य सडक तथा व्यस्त क्षेत्रमा अनुगमन गरी सडकमा जथाभावी पार्किङ गरिएका सवारीसाधन हटाउने र चालकलाई सचेत गराउने अभियान सञ्चालन गरेको हो । अभियानअन्तर्गत जिरोमाइल तथा आसपासका मुख्य सडक, बजार क्षेत्र र बढी सवारी चाप हुने स्थानमा ट्राफिक प्रहरीले नियमित अनुगमन गरिरहेको छ ।

सडकको छेउछाउ तथा आवागमनमा अवरोध हुने गरी पार्किङ गरिएका सवारीसाधन हटाउँदै तोकिएको स्थानमा मात्र पार्किङ गर्न चालकलाई आग्रह गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले चाडपर्वका समयमा सवारीसाधन तथा सर्वसाधारणको चाप बढ्ने भएकाले सडक व्यवस्थापनलाई प्राथमिकतामा राखिएको बताए ।

उनले जथाभावी पार्किङका कारण सडक साँघुरो हुनुका साथै सवारी आवागमनमा अवरोध र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले चालक स्वयं जिम्मेवार बन्नुपर्ने बताए । 'चाडपर्वका बेला सडकमा सवारीको चाप स्वाभाविक रूपमा बढ्छ । त्यसैले जथाभावी पार्किङ नगरी तोकिएको पार्किङ स्थलको प्रयोग गर्न र ट्राफिक व्यवस्थापनमा सहयोग गर्न सबैलाई आग्रह गरेका छौं,' प्रहरी निरीक्षक दाहालले भने । ट्राफिक प्रहरीले चाडपर्वको अवधिमा सडक अनुशासन कायम गराउन नियमित अनुगमनलाई निरन्तरता दिने जनाएको छ ।

साथै, सडकलाई सबैको साझा सम्पत्ति सम्झेर सुरक्षित, व्यवस्थित र अनुशासित यातायात व्यवस्थापनमा सहयोग गर्न आम नागरिक तथा सवारी चालकलाई आग्रह गरिएको छ । 'सडक सुरक्षित बनाऔं, अनुशासित यात्रा गरौं' भन्ने सन्देशसहित सञ्चालन गरिएको अभियानले चाडपर्वका समयमा हुन सक्ने सवारी जाम तथा दुर्घटनाको जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय......................

## संविधानवादको परिभाषा राज्यसत्ताको शक्तिमा निर्भर

नेपालको सन्दर्भमा वर्तमान संविधान संशोधन गर्न केही निश्चित अवस्था र तरिका संविधानमै उल्लेख गरेको देखिन्छ । जसअनुसार धारा २७४ को व्यवस्थालाई संविधानमा रहेको अपरिवर्तनीय वा असंशोधनीय आधारभूत मौलिक व्यवस्था रहेको देखिन्छ । जसअनुसार नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सर्वभौमसताको प्रतिकूल नहुने गरी संविधान संशोधन गर्न सकिने उल्लेख रहेका छन । यसलाई संविधानको आधारभूत संरचनाको सिद्धान्त कै रूपमा बुझ्न सकिन्छन । नेपालमा अप्रत्यासित रूपमा हुने आन्दोलन र राजनीतिक उथल-पुथलले संविधानको आधारभूत संरचनालाई बेवास्ता गरेको पाइन्छन। २०८२ साल भदौ २३ र २४ मा जेन-जी आन्दोलनको नाममा भएको विद्रोहको जगमा राज्यका तीनवटै अंगहरूमा भएको आगजनी, लुटपाट, भौतिक तथा पुरातात्विक महत्वका विषयहरूमा पुग्न गएको अपुरणीय क्षतिको परिणाम स्वरूप सुशीला कार्की नेतृत्वमा गठन भएको सरकार र सो सरकारले भंग गरेको प्रतिनिधिसभा नेपालको संविधान २०७२ को पूर्ण उल्लंघन गरेको देखिन्छ। विद्रोहका नाममा हुने अपराधजन्य कार्यको कसुरदारलाई कानुनको दायरामा ल्याई कानुनी शासनको प्रत्याभूत गर्नसके मात्र संविधानका मूलभूत विशेषताको संरक्षण हुन सक्छन । आवश्यकताको सिद्धान्तको नाममा कसुरदारलाई उन्मुक्ति दिँदै जाने हो भने मानवअधिकार र कानुनी शासनको उपहास मात्र हुनजान्छन । संविधानको आधारभूत संरचनाको सिद्धान्त र संविधानवादको परिभाषा राज्यसत्ताको शक्तिमा निर्भर रहेको देखिन्छ ।

# दुई बालिकालाई प्रहरीद्वारा खोजी गरी अभिभावकको जिम्मा

जलेश्वरटुडे समाचारदाता
सप्तरी, १९ असोज

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-८ जोगिनियाँबाट हराएका दुई बालिकालाई प्रहरीले खोजी गरी अभिभावकको जिम्मा लगाएको छ । भारतको नयाँ दिल्लीबाट फेला पारिएका दुवै बालिकालाई प्रहरीले आइतबार साँझ अभिभावकको जिम्मा लगाएको हो ।

जोगिनियाँ टोल निवासी १६ वर्षीया अनिसा कुमारी यादव र सोही उमेरकी बबिता कुमारी गोठिया हराएको भन्दै परिवारजनले गत भदौ ११ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोजतलासका लागि निवेदन दिएका थिए । निवेदन प्राप्त भएपछि प्रहरीले दुवै बालिकाको खोजतलास सुरु गरेको थियो। खोजीका क्रममा उनीहरू भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले नयाँ दिल्लीस्थित 'किड इन्डिया' संस्थासँग आवश्यक समन्वय गरी दुवै बालिकालाई सकुशल सप्तरी ल्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो। प्रहरीसँगको समन्वयमा संस्थाका निर्देशक नवीन जोशीले जिल्ला प्रहरी कार्यालय सप्तरीका निमित्त कार्यालय प्रमुखसमेत रहनुभएका प्रहरी नायब उपरीक्षक घिमिरेसँग समन्वय गरी दुवै बालिकालाई नेपाल ल्याएर जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाउनुभएको थियो । प्रहरी कार्यालयमा बुझाइएका दुवै बालिकालाई सोही दिन परिवारजनलाई बोलाई आवश्यक प्रक्रिया पूरा गरी अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




# राहत शिक्षकलाई चाडपर्वको मुखमा करार म्याद थपसम्बन्धी पत्र

जलेश्वरटुडे समाचारदाता
सिरहा, १९ असोज

राहत शिक्षकलाई चाडपर्वको मुखमा करार म्याद थपसम्बन्धी पत्र पठाइएपछि तनाव बढेको नेपाल राहत शिक्षक समिति सिरहाले जनाएको छ ।

दसैँको मुखमा तलब निकासा हुने समयमा राहत शिक्षकको छ-छ महिनामा करार म्याद थप्ने पत्र विद्यालयमा पठाएर धनगढीमाई नगरपालिकाको शिक्षा शाखाले शिक्षकलाई थप तनाव दिएको नेपाल राहत शिक्षक समिति सिरहाका अध्यक्ष किसुन देव यादवले बताउनुभयो। उहाँका अनुसार २०६३ सालदेखि नियुक्त भएका राहत शिक्षकको सेवा अवधि २० वर्ष पुग्न लागेको छ। "यत्रो वर्षमा कहिल्यै म्याद थपिएन। यस्तो प्रावधान पनि थिएन। राहत शिक्षकको व्यवस्थापनका लागि हामी पटक-पटक आन्दोलन गर्दै आएका छौं," उहाँले भन्नुभयो ।

सिरहाका १७ वटै स्थानीय तहमा चार सयभन्दा बढी राहत शिक्षक कार्यरत छन्। गत वर्षदेखि लहान नगरपालिका, धनगढीमाई नगरपालिका र कल्याणपुर नगरपालिकामा पटक-पटक म्याद थप्ने विषयले समस्या उत्पन्न हुँदै आएको उहाँले बताउनुभयो। "शिक्षा ऐनमा पेशागत निरन्तरता र सामाजिक सुरक्षाको माग उठाइरहेका बेला यसरी तनाव दिइरहने हो भने आन्दोलन गर्नुको अर्को विकल्प हुँदैन," अध्यक्ष यादवले भन्नुभयो । राहत शिक्षक अस्थायी करारमा नरहेको भन्दै म्याद थप्ने विषय उचित नभएको नेपाल राहत शिक्षक समितिका केन्द्रीय सदस्य शिवशङ्कर काम्तओले बताउनुभयो। "नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा रिक्त रहेको शिक्षक पदमा अस्थायी पदपूर्ति गर्दा मात्रै छ-छ महिनामा म्याद थप्ने व्यवस्था हुन्छ ।

राहत शिक्षकका लागि शिक्षा ऐनमा यस्तो प्रावधान छैन," उहाँले भन्नुभयो । धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन निरौलाले करार तथा अस्थायी प्रकृतिका कर्मचारी र शिक्षकको म्याद थप गर्नुपर्ने निर्देशन महालेखा परीक्षकको कार्यालय तथा सम्बन्धित निकायबाट आएको बताउनुभयो ।



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईंको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: अनावश्यक चिन्ता
कर्कट: खानपानमा समस्या आउने
सिंह: लामो यात्राको योग छ
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: मनमा पछुतो आउने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इमरान खानको रिहाइको माग गर्दै पाँच हजारभन्दा बढी समर्थकको इस्लामावादतर्फ मार्च




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै उनका पाँच हजारभन्दा बढी समर्थकले आइतबार खैबर पख्तुनख्वाबाट राजधानी इस्लामावाद तर्फ मार्च सुरु गरेका छन् ।

सरकार र खानको पाकिस्तान तहरीक-ए-इन्साफ ( पिटिआई) पार्टीबीच मार्च स्थगित गर्ने विषयमा भएको वार्ता निष्कर्षविहीन भएपछि समर्थकहरू राजधानीतर्फ अघि बढेका हुन् । खान भ्रष्टाचारलगायतका अभियोगमा सन् २०२३ देखि जेलमा छन् । उनी र उनको पार्टीले ती अभियोग राजनीतिक रूपमा प्रेरित भएको बताउँदै आएका छन् । कारावासमा रहे पनि खानले ठूलो जनसमर्थन कायम राखेका छन् । पिटिआई समर्थकहरू ट्रक, बस र कार लिएर लक्की मारवत जिल्लाबाट राजधानीतर्फ अघि बढेका छन्। मार्चको नेतृत्व खैबर पख्तुनख्वाका मुख्यमन्त्री तथा खानका समर्थक सोहेल अफ्रिदीले गरेका छन्। अधिकारीहरूले इस्लामावाद प्रवेश गर्ने मुख्य मार्ग र सहरभित्र कन्टेनर राखेर सडक अवरोध गरेका छन् । पिटिआई अध्यक्ष गौहर खानले दुई चरणको वार्तापछि छलफल ठप्प भएको बताएका छन् । गृहमन्त्री मोहसिन नकवीले वार्ता असफल हुनुमा अफ्रिदीलाई जिम्मेवार ठहराउँदै मार्चका क्रममा मानवीय क्षति भए उनी नै जिम्मेवार हुने चेतावनी दिएका छन् । सरकारले उत्तरपश्चिमी क्षेत्रमा पाकिस्तानी तालिबानका आतङ्कवादी आक्रमण बढिरहेकाले मार्च स्थगित गर्न आग्रह गरेको छ। प्रदर्शनकारीहरूले खानको रिहाइसँगै उनलाई अस्पतालमा स्थानान्तरण गर्न र परिवारसँग भेट्न दिन माग गरेका छन्। अधिकारीहरूले भने उनको स्वास्थ्य राम्रो रहेको र नियमित पारिवारिक भेटघाट भइरहेको बताएका छन् । खानलाई अप्रिल २०२२ मा संसदीय अविश्वास प्रस्तावमार्फत प्रधानमन्त्री पदबाट हटाइएको थियो । फेब्रुअरी २०२४ को निर्वाचनपछि शाहबाज सरिफ पुनः प्रधानमन्त्री बनेका हुन् । उक्त निर्वाचनमा धाँधली भएको खानको पार्टीको आरोप सरकारले अस्वीकार गर्दै आएको छ ।

# जुनियर एनटीआरको 'ड्रागन' तोकिएकै मितिमा रिलिज हुने, ढिलाइको हल्ला निराधार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ असोज

जुनियर एनटीआर र केजीएफ फेम प्रशान्त नीलको आगामी चलचित्र 'ड्रागन' ढिलाइ हुने खबरका बिच निकै चर्चामा छ ।

यद्यपि, निर्माताहरूले यो बहुप्रतीक्षित चलचित्र पहिले गरिएको घोषणाअनुरूप नै प्रदर्शन हुने पुष्टि गरेका छन् । 'डन्ट ट्रबल द ट्रबल'को प्रि-रिलिज कार्यक्रममा बोल्दै माइथ्री मुभी मेकर्सका निर्माता रविशंकर यलामञ्चिलीले ढिलाइको हल्लालाई खारेज गरेका छन् । डेक्कन




क्रोनिकलका अनुसार उनले 'ड्रागन' पहिले तोकिएकै मितिमा आउने कुरा दोहोऱ्याएका छन् ।

अर्थात्, घोषणाअनुसार यो चलचित्र ११ जुन २०२७ मा सिनेमाघरमा प्रदर्शन हुनेछ ।

जुनियर एनटीआरको हातमा चोट लागेर शल्यक्रिया भएपछि चलचित्रको तालिकालाई लिएर अड्कलबाजी तीव्र भएको थियो । समाचारअनुसार यी अभिनेतालाई करिब छ हप्ता आराम गर्ने सल्लाह दिइएको छ । यो अवरोधका बाबजुद प्रोडक्सनको काम योजनाअनुरूप नै अघि बढिरहेको छ ।

जुनियर एनटीआर निको नहुन्जेल प्रशान्त नीलले उनी समावेश नभएका दृश्यहरूको छायाङ्कन गरिरहेका छन् । यी दृश्यहरू पहिलेदेखि नै निर्धारित तालिकाको हिस्सा थिए र एनटीआर सेटमा फर्किनुअघि नै यिनको छायाङ्कन पूरा हुने अपेक्षा गरिएको छ । छायाङ्कनमा कहिले फर्किनेछन् एनटीआर ? अभिनेता सेटमा फर्किएपछि उनको भागको छायाङ्कन पुनः सुरु हुनेछ ।

# २० वर्षीया प्रियंका दास आफ्नै घरको ओछ्यानमा मृत फेला

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ असोज

धनुषामा एक विवाहित महिलाको शंकास्पद मृत्यु भएको छ । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १६ कपिलेश्वरमा स्थानीय विनोद दासकी पत्नी २० वर्षीया प्रियंका दास मृत फेला परेकी हुन् । उनको शव घरको ओछ्यानमा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मृतक दासका आफन्तका अनुसार आइतबार साँझ प्रियंका आफ्नै सुत्ने कोठाको सिलिङ पंखामा सलको पासो लगाई झुण्डिएको अवस्थामा देखेपछि उनका श्रीमान् विनोदले पासो खोली मृतकको शवलाई ओछ्यानमा राखेका थिए । उक्त घटनाको जानकारी हुनासाथ प्रहरी चौकी कपिलेश्वरको टोली सो स्थानमा पुगेर शवलाई सुरक्षा दिएको थियो । अबेर रातिसम्म स्थानीयवासीले उक्त घरअगाडि प्रहरी प्रशासनको विरोध गरेका थिए ।

उनीहरूले मृतक दासको हत्या भएको भन्दै विरोध गरेका थिए । प्रदर्शनमा उत्रिएका स्थानीयवासीले घटना भएको स्थान पत्रकारले हेर्न पाउनुपर्ने माग गर्दै प्रहरीविरुद्ध चर्का नाराबाजीसमेत गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले घटनास्थलमा प्रहरी पुगेर शवको मुचुल्का उठाउने काममा जुटेको बताए । उनका अनुसार प्रारम्भिक सोधपुछका निम्ति मृतकका श्रीमान् विनोदलाई जिल्ला प्रहरी कार्यालयमा नियन्त्रणमा राखिएको छ ।

जनहितमा जारी सन्देश
- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।
अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

जनहितमा जारी सन्देश
- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।
अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

जनहितमा जारी सन्देश
- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।
अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

जनहितमा जारी सन्देश
- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।
अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# नेपालको नव-सिर्जनाका दुई परिपूरक पात्र रवि-बालेन



-नेपाली राजनीतिमा रवि लामिछाने र बालेन्द्र शाहको उदयले पुरानो राजनीतिको विकल्प खोज्ने प्रयास भएको छ । रविले जनआक्रोशलाई सांगठनिक र संसदीय शक्तिमा बदल्ने क्षमता राख्छन् भने बालेनले स्थापित ढाँचा बाहिरबाट शासकीय परिणाम निकाल्ने जनविश्वास राख्छन् । यी दुई पात्रको सहकार्यले नेपालमा वैकल्पिक राजनीतिले स्थायित्व पाउन र ठोस परिणाम ल्याउन सक्ने सम्भावना छ । नेपाली राजनीतिमा परिवर्तनको चर्चा नयाँ होइन ।

विगत सात दशकमा नेपालले विभिन्न क्रान्ति, आन्दोलन र व्यवस्था परिवर्तनसमेत देख्यो । ००७, ०४६ को परिवर्तन, ०५२ को जनयुद्ध अनि ०६२/०६३ को जनआन्दोलनसँगै ०६५ को सङ्घीय लोकतान्त्रिक गणतन्त्र र ०७२ को नयाँ संविधान, जनताद्वारा हासिल गरिएका ठुला उपलब्धि हुन्। व्यवस्था र सरकार फेरिए, पुराना तथा नयाँ दलहरूले अनेकौं आकर्षक नारा पनि ल्याए । कांग्रेस, एमाले, माओवादी, राप्रपा र मधेसवादी दलहरूले सत्ता चलाउने र भत्काउने सबै अभ्यास गरे । व्यवस्था परिवर्तनका लागि उल्लेख्य योगदान गरे । दुःखका अतिशय पहाडहरू उक्ले । जेलनेल, निर्वासन, भूमिगत, सत्याग्रह, सशस्त्र युद्ध सबै किसिमका राजनीतिक साधन उपयोग गरेर समतामूलक समाजका लागि परिवर्तन संस्थागत गर्न काम गरे। तर आम नागरिकको दैनिक जीवनमा अनुभूत हुने शासकीय चरित्र, परिणाम र मानक भने स्थापित गर्न सकेनन् ।

०४६ पछि केही नभएको होइन। तर जति हुनुपर्ने, हुन नसकेकै हो । दलहरूले शासकीय चरित्र र मानकयोग्य विशेषता स्थापित गर्न नसकेकै हुन्। अरू त अरू शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील क्षेत्र पनि मुनाफाको व्यापारमा अनुवाद भयो । सामान्य जनता सिटामोल र जीवनजल खान नपाएर मर्ने अवस्था एकातिर रह्यो भने नेताहरूको स्वास्थ्य उपचार, राष्ट्रपति, प्रधानमन्त्रीलगायत भीभीआईपीको सामान्य उपचारका लागि पनि विश्वका महँगा अस्पताल उपलब्ध गराइए । लामो समयदेखि नेपाली समाजले एउटै नियति भोग्दै आयो। सरकार फेरिए पनि प्रशासनिक सुस्तता र ढिलासुस्ती कायमै रह्यो, नीतिहरू सिंहदरबारका फाइलमा सीमित भए अनि भ्रष्टाचार नियन्त्रणको चर्चा सडकदेखि संसद्सम्म चले पनि दोषीलाई उन्मुक्ति दिने प्रणाली बदलिएन । चुनावपछि नागरिक फेरि उही सास्ती र निराशाको घानमा पिसिए । चुनावमा भने नागरिक- भगवान्, सर्वेसर्वा, न्यायाधीश, भाग्यविधाता र जनताजनार्दन कहलिए । यही निरन्तरको असन्तुष्टि र वितृष्णाबाट पुरानो राजनीतिक केन्द्रको विकल्प खोज्न सुरु भयो। जनता अब केवल 'राजनीतिक इतिहास' वा 'त्यागको कथा' सुनेर बस्न तयार थिएनन् । उनीहरूलाई परिणाम चाहिएको थियो । कुबेर शर्माको हरियाली पार्टीदेखि मधेसी जनाधिकार फोरम, नयाँ शक्ति, विवेकशील र साझा पार्टी जस्ता अभ्यासले वैकल्पिक राजनीतिको आधारभूमि तयार गरे पनि तिनले सत्तालाई स्थायी रूपमा चुनौती दिन सकेका थिएनन्। यही पृष्ठभूमिमा रवि लामिछाने र बालेन्द्र शाहको सामूहिक उदय भयो ।

रवि र बालेन फरक बाटो र पृष्ठभूमिबाट आएका हुन् । उनीहरूबिचको अन्तर कमजोरी होइन, बरु नेपाली राजनीतिको नयाँ सम्भावना र शक्ति हो । रविसँग जनआक्रोशलाई सांगठनिक र संसदीय शक्तिमा बदल्ने क्षमता छ भने बालेनसँग स्थापित ढाँचाबाहिरबाट शासकीय परिणाम निकाल्ने जनविश्वास छ । त्यसैले यी दुई पात्र प्रतिस्पर्धीभन्दा बढी एकअर्काका परिपूरक हुनुपर्छ । आक्रोशबाट आशा र सत्तासम्मको यात्राः नेपालको राजनीतिमा रहेको असन्तुष्टिलाई दिशा दिने र संगठित गर्ने माध्यम कमजोर थियो। रविको उदयले छरिएर रहेको सामाजिक असन्तुष्टिलाई राष्ट्रिय राजनीति र संसद्मा संगठित गऱ्यो । सञ्चारमाध्यममार्फत नागरिकका समस्या, दुःख, सास्ती र राज्यको गैरजिम्मेवारीपनलाई उठाएर उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को रूप दिए। अर्कोतर्फ, बालेन शाहले काठमाडौं महानगरको मेयर जितेर परम्परागत शासकीय शैलीलाई चुनौती दिए । र, 'सिद्धान्त भन्दा परिणाम'लाई प्राथमिकता दिने नयाँ मानक स्थापित गरे ।

०७९ को चुनावमा बालेनले काठमाडौं महानगरमा र रविले संसदीय राजनीतिमा चौथो ठुलो दलका रूपमा उपस्थित भई नयाँ केन्द्र प्रारम्भ भयो । गतवर्ष भादौ २३-२४ को जेनजी विप्लवपछि सत्ता उलटपलट भयो र पुराना दलहरू रक्षात्मक बने । नयाँ परिस्थितिमा रास्वपा र बालेन राजनीतिको बलियो स्टेकहोल्डर बने । परिस्थितिको गाम्भीर्य बुझेर ०८२ पुस १३ गते 'सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आम नागरिकका आकाङ्क्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवं परिवर्तनकामी राजनीतिक शक्तिहरूबिच सहकार्य हुन अपरिहार्य रहेको तथ्यलाई आत्मसात् गर्दै, ०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनलगायत विभिन्न कालखण्डमा भएका जनआन्दोलनका सहिद एवं घाइतेहरूको बलिदानलाई प्रेरणादायी स्मृतिमा राख्दै समान अठोट बोकेका शक्तिहरूको सहकार्य मार्फत राष्ट्रसेवाको साझा लक्ष्य हासिल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (पहिलो पक्ष) र श्री बालेन्द्र शाह (दोस्रो पक्ष) बिच सात बुँदे सहमति भयो।' जसअनुसार रविले पार्टीको सांगठनिक नेतृत्व गर्ने र बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने समझदारी भयो। यो केवल चुनावी जोडघटाउ नभई जनआक्रोश र शासकीय आकाङ्क्षालाई एउटै राष्ट्रिय परियोजनामा जोड्ने प्रयास थियो । ०८२ फागुन २१ को चुनावी परिणामले दुई-तिहाइ नजिकको जनादेशको लालमोहर प्रदान गऱ्यो । यसले असन्तुष्टिलाई मतमा र मतलाई सुशासनको परिणाममा रूपान्तरण गर्ने बाटो खोलेको छ । इन्जिन, एक्सिलरेटर र स्टेयरिङको सन्तुलनः राजनीतिमा एउटै व्यक्ति वा कार्यशैलीले सबै काम पूरा गर्न सक्दैन । सफल प्रणालीका लागि जनसमर्थन, संगठन, संसदीय उपस्थिति र शासकीय क्षमता सबै चाहिन्छ । रवि र बालेनको सहकार्यलाई यसरी बुझ्न सकिन्छ । रविको भूमिका (सांगठनिक इन्जिन) : रवि राजनीतिक सञ्जाल, सांगठनिक आधार र राष्ट्रिय जनमतलाई समेट्ने इन्जिन हुन् । उनले देशभरका असन्तुष्ट नागरिकलाई सांगठनिक छातामुनि ल्याएका छन्। बालेनको भूमिका ( कार्यान्वयन र शासकीय गति) : बालेन शासकीय क्षमता, कडा निर्णय प्रक्रिया र परिणाममुखी नीतिको स्टेयरिङ हुन्। उनी स्थापित ढर्रालाई भत्काएर नतिजा निकाल्न चाहने आकाङ्क्षाका प्रतीक हुन् ।

यो सङ्गम एउटा गाडी जस्तै हो- इन्जिन मात्र भए दुर्घटनाको जोखिम हुन्छ भने स्टेयरिङ मात्र भए गाडी अघि बढ्दैन। रवि संगठनका संरक्षक हुन् भने बालेन शासन र कार्यान्वयनका संवाहक । नेपाली राजनीतिमा सडकका आवाज, संसद्को बहस र सिंहदरबारका निर्णयबिच ठुलो खाडल रहँदै आएको थियो । रवि-बालेन समीकरणले यो दूरीलाई सम्बोधन गर्ने सम्भावना बोकेको छ। रविको सांगठनिक सञ्जालले सडकका वास्तविक समस्या पहिचान गर्छ भने बालेनको नेतृत्वले प्रधानमन्त्रीका रूपमा नीतिहरूलाई चुस्त प्रशासनमार्फत कार्यान्वयनमा लैजान्छ। तर यहाँ ध्यान दिनु पर्ने विषय के छ भने पुरानो राजनीतिक केन्द्र भत्किनु आफैँमा सफलताको अन्तिम मानक होइन । पुरानो घर भत्काएर नयाँ संरचना नबनाउने हो भने नागरिकका लागि सुरक्षित बास बन्दैन ।

जनताले नयाँ शक्तिलाई पुराना दलका नेताहरूलाई गाली गर्न मात्र मत दिएका होइनन्, पुरानोभन्दा राम्रो, पारदर्शी, प्रयोगात्मक, परिणाममुखी शासन दिन पठाएका हुन्। आम नागरिकका अपेक्षा स्पष्ट छन- सरकारी कार्यालयमा घुस र भनसुनविना काम होस्, सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा मिलोस्, आयोजनाहरू समयमै सम्पन्न हुन् र कानुन सबैका लागि समान होस्। नयाँ हुनु आफैँमा योग्यता होइन; पुराना गल्ती नदोहोऱ्याउनु, योग्यताक्रमका आधारमा अवसर वितरण गर्नु र बलिया संस्थाहरू निर्माण गर्नु साँचो योग्यता हो । भूमिकाको सीमा र संस्थागत अनुशासनः रवि-बालेन सहकार्य दीर्घकालीन हुन दुवैले आ-आफ्नो भूमिका र सीमा बुझ्न आवश्यक छ । रविको मुख्य जिम्मेवारी पार्टीलाई आन्तरिक लोकतन्त्र भएको बलियो संस्था बनाउनु हो । सभापतिको काम प्रधानमन्त्रीलाई नियन्त्रण वा निर्देशन गर्नु होइन, बरु काम गर्ने वातावरण बनाउनु हो । प्रधानमन्त्रीलाई पार्टी सभापतिको आदेशपालक बनाइयो भने पुरानै दलीय दबाबको पुनरावृत्ति हुनेछ । बालेनले पनि आफ्नो दायित्व र जिम्मेवारीलाई गम्भीरतापूर्वक बुझ्नु पर्छ । काठमाडौं महानगर र सिङ्गो देश चलाउनु फरक कुरा हो ।

साभार : रातोपाटी ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
सिरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday